नेपाली भाषामा
ネパール語／Nepalese

# J·LEASE

# कोठाभाडामा लिने व्यक्तिलाई कोठाभाडा ऋन ग्यारेन्टीको सूचना

## कोठाभाडा ऋन ग्यारेन्टी भनेको ?

### जापानमा पहिलो बसोबासको सुरक्षित प्रणाली

जापानमा कोठाभाडामा लिने बेला, व्यक्तिगत रूपमा विश्वास गर्न गाह्रो हुन सक्छ। त्यसैले, निवासी आवेदकको विश्वास दिलाउनको लागि, कोठाभाडा ऋन ग्यारेन्टी कार्यालयले ग्यारेन्टी जाँच र विश्वास जाँच पुरा गरी, घरधनी या फुदोउसान (रियल एस्टेट) कार्यालयहरूको जोखिम कम गर्छ। त्यसको परिणाम, कोठाभाडामा लिने व्यक्तिलाई, कोठाभाडा ऋन ग्यारेन्टी कार्यालय प्रयोग गरेमा, कोठाभाडामा लिन सजिलो हुन्छ।

पहिले-पहिले जापानमा कोठा लिनको लागि संयुक्त ग्यारेन्टर (परिवारको सदस्य) बस्नुपर्ने हुन्थ्यो। तर, जन्मदर घटेको र बृद्धहरूको जनसंख्या बढेको कारणले, कोठाभाडा ऋन ग्यारेन्टर कार्यालयको स्थापना भई, यो जापानिज या विदेशीको भेदभाव बिना कोठाभाडामा लिएर बसेका धेरै व्यक्तिहरूले प्रयोग गरिरहेका छन्। कोठा सर्दा पूर्ण रूपमा परिचय प्रमाणिकरण गरी, कोठा सरिसकेपछि कदमकदाचित कोठा भाडा तिर्न ढिला भएको बेला, कोठाभाडा ऋन ग्यारेन्टरले कोठाभाडामा लिने व्यक्तिको सट्टामा पहिला कोठाभाडा भुक्तानी गरिदिई कोठाभाडामा दिने व्यक्ति र लिने व्यक्ति दुवैको सहयोग गर्छ।

कोठाभाडा ऋन ग्यारेन्टी कार्यालयले हरेक महिनाको कोठाभाडा तपाईंको सट्टामा अग्रिम भुक्तानी गर्नु बाहेक, कोठा छोड्ने बेला लाग्ने शुल्क, सम्झौता मिति भन्दा छिटो कोठा छोड्दा लाग्ने क्षतिपूर्ति शुल्क, नविकरण गर्दा लाग्ने शुल्क आदि बेला पनि प्रयोग गर्न सकिन्छ।

## जे लिस कोठाभाडा ऋन ग्यारेन्टर

### हाम्रो सामान भनेको [विश्वास] हो

जे लिस कम्पनी तोस्यो माजा-सुस्टकसंग सुचिबद्ध भई, अनुपालनको पालना सहित, मुख्य रुपमा कोठाभाडा ऋन ग्यारेन्टी र अरु धरै सेवाहरु सुरु गरी, यो जापान भित्र फुदोउसान (रियल एस्टेट) हरुले धेरै प्रयोग गरिरहनु भएका छन्।

कोठा सर्ने जाँचदेखि छोड्नेसम्मको जोखिमको बहन गर्नको लागि ग्यारेन्टी (जोखिम) शुल्क लिइनेछ। मूलतः सम्झौता पछि, ग्यारेन्टी शुल्क फिर्ता गरिने छैन।




2022.04版

## तँपाईले तिर्नु पर्ने शुल्क यता छ।

不動産会社さま：お客様にお支払いいただく保証料をご記入下さい。

| पहिलो ग्यारेन्टी शुल्क 初回保証料 | निरन्तरता ग्यारेन्टी शुल्क 継続保証料 | प्रत्येक महिना ग्यारेन्टी शुल्क 毎月保証料 |
|---|---|---|
| एन | एन | एन |


ओइता केन् मुख्य कार्यालय ओइता केन् ओइता सि मियाकोमाचि 1-3-19 ओइता चुओ बिरु 7 तल्ला
टोकियो मुख्य कार्यालय टोकियो टो सिन्ज्युकु कु निसि सिन्ज्युकु 6-22-1सिन्ज्युकु स्क्वेर टावर 2 तल्ला
सम्पर्क ई-मेल service@j-lease.jp

## कोठा सर्ने जाँच

**आवश्यक कागजहरू: निवासकार्ड (एलियनकार्ड) पेश गर्नुहोस्।**

आवेदन फारममा लेखिएको विवरणहरू बारेमा पहिले लिखित रूपमा जाँच गरी, नबुझेको अथवा जाँच गर्नुपर्ने भएमा तपाईंलाई सम्पर्क गर्नेछौं। आवेदन फारमको जाँच पुरा नभएमा, सम्झौताको प्रकिया सुरु गर्न सकिंदैन। त्यसैले, 0570 बाट शुरु हुने नम्बरबाट फोन आएको थाहा भएमा, पुन हामीलाई फोन गर्नुहोला।

## सम्झौता

ग्यारेन्टी जाँच गर्दा तपाईंको इच्छा अनुकुल नहुन पनि सकिने कुरा पहिला नै बुझ्नुहोला। ग्यरेन्टी जाँचमा सबै मिलेमा, सम्झौता प्रक्रिया शुरु गर्न लगाउनेछौ। सम्झौता कागजमा हस्ताक्षर / सील ग्यारेन्टी शुल्क आदिको पहिलो किस्ता तिरिदिनुहोस्।



## कोठाभाडा तिर्न ढिलो हुन गएमा?



**जाँच गर्नुहोस। सम्झौता गर्ने ब्यक्ति**

कोठाभाडा तिर्न ढिलो हुने भयो के गर्दा होला?

**सल्लाह फुदोउसान कार्यालयको ब्यक्ति**

पहिला फुदोउसानहरुलाई सम्पर्क गरी सल्लाह गर्नु

**जे लिसबाट फोन**

जे लिसले तपाईंको सट्टामा अग्रिम भुक्तानी गरेको अवस्थामा, जे लिसबाट सम्झौता गर्ने व्यक्तिलाई फोन अथवा SMS बाट सम्पर्क गर्छौं। फोन उठाउन नपाएको थाहा भएमा पुन फोन गर्नुहोला। तपाईंलाई 0570 नम्बर बाहेक अन्य नम्बरबाट पनि फोन आउन सक्छ।

**पैसा भुक्तानी गर्ने समय सम्बन्धी सल्लाह**

सम्पर्क गर्नुभए अनुसार, तपाईंको अवस्था बुझी, पैसा भुक्तानी गर्ने समय सम्बन्धी सल्लाह दिनेछौं। कुनै सम्पर्क नगरेमा तपाईंको ग्यारेन्टरलाई सम्पर्क गरी, पैसा भुक्तानी गर्न अनुरोध गरिनेछ। अथवा आपातकालीन अवस्थामा सम्पर्क गर्ने व्यक्तिलाई सम्पर्क गर्न सक्छौं।

**भुक्तान शुल्कको बारेमा**

भाडाको निवासमा जबसम्म तँपाई बस्नुहुन्छ प्रत्येक महिना कोठाभाडा तिर्नु पर्ने कुरा हो। मूलतःआगामी महिनाको भाडा अगिल्लो महिनाको अन्त्यमा भुक्तानी गर्ने गरिन्छ।
तोकिएको समयमा कोठाभाडा तिर्न नसके, जे लिस कार्यालयले अग्रिम भुक्तानी गरिदिएको खण्डमा प्रक्रिया शुल्क (2970 येन<कर सहित>) छुट्टै तिर्नु पर्ने हुन्छ।

**उदाहरण / कोठाभाडा 40,000एन**




भाडाको निवासमा बस्नको लागि हरेक महिनाको भुक्तानी आवश्यक कुरा हो। आगामी महिनाको कोठाभाडा भुक्तानी गरिदिनुहोस्।

**कोठाभाडाको भुक्तानी / सम्पर्क नगरेमा**

बारम्बार सल्लाह र बाचा गरेतापनि, भुक्तानी नगरेमा, अदालतमा जानु पर्ने अवस्था हुन सक्छ। सुरक्षित जापानको बसोबासको लागि प्रत्येक महिनाको कोठाभाडा भुक्तानी गर्नुहुन अनुरोध गर्दछौ।